# प्रदेश सभा
# सार्वजनिक लेखा समिति
# बागमती प्रदेश
# हेटौडा, मकवानपुर, नेपाल

सार्वजनिक लेखा समितिको मिति २०७७/०१/२६ गते (बिहान ८:०० बजे) को ३३ औं बैठक अन्तर्गत उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित महालेखापरीक्षकको बार्षिक प्रतिवेदन २०७५ ले औंल्याएको बेरुजू उपर दफावार छलफल गरी देहाय अनुसार गर्ने निर्णय गरियो।

क) प्रचलित नीति तथा कार्यक्रम अनुसार कार्यसम्पादन गर्न/गराउन निर्देशन दिने।

ख) मन्त्रालयले सम्पादन गर्नुपर्ने काम यथासक्य छिटो सम्पादन गर्न/गराउन निर्देशन दिने।

ग) स्वीकृत दरबन्दी अनुसार स्थायी पदपूर्ति गराइ कार्यसंचालन गरी तत् सम्बन्धी भएको प्रगति यस समितिलाई जानकारी गराउन निर्देशन दिने।

घ) मन्त्रालयले कार्यालय सामान अन्तर्गत फर्निचर, सवारी साधन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेसिन लगायतका सामान सोझै खरिद र क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको पाइएकाले सो सम्बन्धमा अध्ययन गर्न एक उपसमिति गठन गरी, उपसमितिको प्रतिवेदनका आधारमा समितिले आवश्यक निर्णय गर्ने।

ङ) खानी तथा उद्योगको उचित प्रबन्ध तथा व्यवस्थापनको लागि संघीय सरकारसंग समन्वय गरी प्रदेश भित्र रोजगारी तथा उत्पादन तर्फ उचित ध्यान दिइ खानी अन्वेषण र व्यवस्थापन तर्फ हालसम्मको प्रगति यथाशिघ्र समितिलाई जानकारी गराउन निर्देशन दिने।

च) राज्यले उपलबध गराउने सेवा प्रवाह चुस्त र भरपर्दो गर्ने उद्धेश्य अनुरुप मन्त्रालयले आवश्यक नीति, मापदण्ड एवं कार्यविधि निर्माणको काम बाँकी रहेकोले मन्त्रालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गर्न निर्देशन दिने।

छ) आन्तरिक नियन्त्रण व्यवस्थापन तर्फ मन्त्रालय र मातहतका निकायको कामको प्रकृति अनुसारको नियन्त्रण प्रणाली बनाएर कार्यान्वयनको अवस्थाको सम्बन्धमा समितिलाई जानकारी गराउन निर्देशन दिने।

ज) सैद्धान्तिक र प्रक्रियागत बेरुजू फछ्र्यौटको स्थिति यथासक्य छिटो यस समितिलाई जानकारी गराउन निर्देशन दिने।